# इटहरी उपमहानगरपालिका
# स्थानीय राजपत्र

इटहरी उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्ड ३, संख्या ४, चैत्र २ गते, २०७७ साल

## भाग-१

## इटहरी उपमहानगरपालिकाको सूचना

### आर्थिक (पहिलो संसोधन) ऐन, २०७७

सभाबाट स्वीकृत मिति २०७७/०३/२६

प्रस्तावना : इटहरी उपमहानगरपालिकाको आर्थिक ऐन, २०७७ लाई समयानुकुल र व्यवस्थित बनाउन संशोधन गर्न बाञ्चनिय भएकोले
इटहरी उपमहानगरपालिकाको नगर सभाले आर्थिक (पहिलो संशोधन) ऐन, २०७७ लाई संशोधन गरेकोछ ।

१. नाम र प्रारम्भ : (१) यो ऐनको नाम "आर्थिक (पहिलो संसोधन) ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन प्रमाणिकरण भएको मितिदेखि लागु हुनेछ ।

२. परिभाषा, विषय वा प्रसँगले अन्यथा अर्थ नलागेमा यस ऐनमा

(क) ऐन भन्नाले आर्थिक ऐन, २०७७ सम्झनु पर्दछ ।

इटहरी उपमहानगरपालिका

३. ऐन को दफा ७ बमोजिमको अनुसूचरी २ को क्र.सं. ४ को सवारी साधनको किसिम महलमा उल्लेख भएको विद्युतीय रिक्सा तथा पावर टेलर रहेकोमा विद्युतीय रिक्साको विभन्न शिर्षकमा लिने शुल्क, कर तथा तस्तुर देहाय अनुसारको हुनेछ ।

| क्र.सं | सवारी साधनको किसिम | दर्ता शुल्क | नविकरण शुल्क रु | नामसारी | रुट परमिट दस्तुर रु | जाँचपास दस्तुर रु |
|---|---|---|---|---|---|---|
| १ | विद्युतीय रिक्सा (सार्वजनिक) | १४०० | ३०० | ८०० | १५०० | २०० |
| २ | विद्युतीय रिक्सा (निजी) | ८०० | २०० | ५०० | | |

- विद्युतीय रिक्सा (सार्वजनिक) महिलाको नाम दर्ता भई निज नै सवारी चालक भएमा दर्ता शुल्क मा ५० प्रतिशत छुट दिइनेछ ।
- लाग्ने आय कर बराबरको रकम सम्वन्धित कर कार्यालयमा जम्मा गर्नु पर्नेछ ।
- नविकरण म्याद सकिएको ९० दिनभित्र गरिसक्नु पर्नेछ र सो नगराएमा दरखास्त दिने सवारी धनीबाट नविकरण दस्तुरको अतिरिक्त सो म्याद नाघेमा १ वर्षसम्म १ सय प्रतिशत, २ वर्षसम्म २ सय प्रतिशत, ३ वर्षसम्म ३ सय प्रतिशत, ४ वर्षसम्म ४ सय प्रतिशत र ५ वर्षका लागि ५ सय प्रतिशत दस्तुर समेत लिई नविकरण गरिनेछ ।

इटहरी उपमहानगरपालिका

आज्ञाले,
कृष्ण प्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत